कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

# एभरेष्ट कलर लिमिटेड
# EVEREST COLOUR LIMITED

रजिष्टर्ड कार्यालय : मध्यपुर थिमी नगरपालिका-३, भक्तपुर, नेपाल, फोन नं. :०१-६६३४८०२
इमेलः ecinepal@gmail.com वेबसाइटः www.everestcolour.com

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

एभरेष्ट कलर लिमिटेडले प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ७९,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि मिति २०८३ बैशाख १६ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८३ बैशाख २२ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८३ बैशाख २२ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

**दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : ७,०००**

**दरखास्तसाथ प्रति साधारण शेयर रू.१००।- को दरले (शतप्रतिशत भुक्तानी माग गरिएको)**

### संक्षिप्त वित्तीय विवरण

| विवरण | वास्तविक | | | अपरिष्कृत पौष मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | *आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | ०८२/८३ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर आम्दानी (EPS) (रु.) | ६.६० | १.८८ | ९.६० | ८.३७ | ५.८२ | ८.५१ | ११.४८ |
| प्रति शेयर नेटवर्थ (रु.) | १२५.६२ | ११६.९२ | ११३.९७ | ११८.४ | ११५.११ | १२३.६२ | १३५.०९ |
| प्रति शेयर नेटवर्थ रु. (पुर्नः मुल्यांकन कोष बाहेक) | ७८.४५ | ९८.५० | १००.०२ | १०४.०९ | १०४.८३ | ११३.३४ | १२४.८२ |
| संचित नाफा/(नोक्सान) | (२४,०८८,९९२) | (२०,९४४,९७६) | ३४,२१७ | ९,०३७,७९० | १४,४८०,५६८ | ४०,०११,१७७ | ७४,४४५,६८५ |

*नोटः कम्पनीको आर्थिक वर्ष २०८०/८१ का वित्तीय विवरणहरूलाई तुलनात्मक रूपमा प्रस्तुत गर्नका लागि अंकित मूल्य रु.५०/- मा आधारित तथ्यांकहरूलाई आवश्यक समायोजन गरी रु.१००/- अंकित मूल्यको आधारमा पुनः प्रस्तुत गरिएको हो ।*

**स्वीकृत विवरणपत्र मार्फत कर्मचारीहरु र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन ।**

**कर्मचारी, सञ्चालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने प्राथमिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।**

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

**स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग्स् संस्था केयर रेटिङ्ग्स् नेपाल लिमिटेड, पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२/०६/०९ मा "CARE-NP BB (IS)" (Double B [Issuer]) प्रमाणपत्र प्राप्त गरेको छ । उक्त रेटिङ्गले "Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ । केयर रेटिङ्ग्स् नेपाल लिमिटेडले CARE-NP AAA(Is) देखि CARE-NP D(Is) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ भने CARE-NP D(Is) ले कमजोर आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । यस सम्बन्धी विवरण पत्रको दफा ग.२२ (ट) (पृष्ठ नं. ५२) उल्लेखि गरिएको छ ।**

**क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०८२/०६/०९** | **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०८३/०७/०६**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८३ बैशाख ०५ गतेको "नागरिक"** दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेवसाइट www.everestcolour.com अथवा निष्काशन तथा बिक्री प्रवन्धकको वेवसाइट www.muktinathcapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेवसाइटः www.muktinathcapital.com

मिति २०८३ बैशाख २२ गतेको "नेपाल समाचारपत्र" राष्ट्रिय दैनिकमा प्रकाशित गर्ने